आज मिति २०८१ पौष ०७ गते बिहान ०८.०० गते यस वेनीघाट रोराङ गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर थपलिया (विवेक) ज्यूको अध्यक्षतामा वेनीघाट रोराङ गाउँपालिका कार्यपालिकाको बैठक वसि निम्न निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण बहादुर थपलिया (विवेक) |
| २. | उपाध्यक्ष | श्री टाप बहादुर श्रेष्ठ |
| ३. | वडा अध्यक्ष | श्री जिवन सिं तामाङ |
| ४. | वडा अध्यक्ष | श्री हेमराज भुजेल |
| ५. | वडा अध्यक्ष | श्री भुवन त्रिपाठी |
| ६. | वडा अध्यक्ष | श्री राजु बहादुर मगर |
| ७. | वडा अध्यक्ष | श्री रोशन कुमार सिलवाल |
| ८. | वडा अध्यक्ष | श्री टेकनाथ सिल्वाल |
| ९. | वडा अध्यक्ष | श्री कुमार वस्नेत |
| १०. | वडा अध्यक्ष | श्री राज कुमार श्रेष्ठ |
| ११. | वडा अध्यक्ष | श्री देवि बहादुर खड्का |
| १२. | वडा अध्यक्ष | श्री विकास चेपाङ |
| १३. | कार्यपालिका सदस्य | श्री इन्दिरा कडेल |
| १४. | कार्यपालिका सदस्य | श्री पुष बहादुर वि.क. |
| १५. | कार्यपालिका सदस्य | श्री विन्दा मगराती |
| १६. | कार्यपालिका सदस्य | श्री भिम बहादुर प्रजा |
| १७. | कार्यपालिका सदस्य | श्री राम मायाँ चेपाङ |
| १८. | कार्यपालिका सदस्य | श्री सुन्तली मायाँ तामाङ |
| १९. | सदस्य सचिव (प्र.प्र.अ.) | श्री नर्बदा घिमिरे |

आमन्त्रित

| | | |
|---|---|---|
| १. | शिक्षा अधिकृत | श्री बोधराज पाठक |
| २. | लेखा अधिकृत | श्री सन्तोष अर्याल |
| ३. | शाखा अधिकृत | श्री परशुराम घिमिरे |
| ४. | इञ्जिनियर | श्री प्रकाश सिलवाल |

बेनीघाट रोराङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिशालटार, धादिङ
बागमती प्रदेश, नेपाल

निर्णय नं. १

गाउँ कार्यपालिकाका यस अघिका बैठकमा भएका निर्णयहरुको समिक्षा गरियो । कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयनका लागि कार्यपालिका कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. १

गाउँ कार्यपालिकाका यस अघिका बैठकमा भएका निर्णयहरुको समिक्षा गरियो । कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयनका लागि कार्यपालिका कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

बेनीघाट रोराङ बन विधेयक, २०८१ माथि दफावार छलफल गरियो साथै उक्त बन विधेयक, २०८१ गाउँसभामा पेश गर्न सैद्धान्तिक सहमती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

शैक्षिक उत्थान कोष सम्वन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०८१ माथि दफावार छलफल गरियो साथै उक्त शैक्षिक उत्थान कोष सम्वन्धमा ब्यवस्था गर्न बनेको बिधेयक, २०८१ गाउँसभामा पेश गर्न सैद्धान्तिक सहमती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

यस गाउँपालिका वडा नं. ५ मा रहेको गोमती वाहुनटार सिञ्चाईको लागि आवस्यक भई खरिद प्रकृया अगाडी वढेको श्री शिवराज कडेलको नाममा दर्ता कायम रहेको साविक वेनीघाट रोराङ गाविस वडा नं. ८/क कि.नं. ७२९ को जम्मा क्षेत्रफल १-४-०-० भएको जग्गा जग्गा प्रासी ऐन २०३१ को ब्यवस्था बमोजिम मुल्याङ्कन समितिवाट प्रतिरोपनी रु १८४००००।- अक्षेरेपी अठार लाख चालिस हजार मात्र मुल्याङ्कन भएको र उक्त जग्गा खरिदका लागि गाउँ सभावाट रु २०,००,०००।- स्वीकृत भएको हुदा नपुग रकम सिञ्चाई उपभोक्ता समितिले लागत साझेदारी गर्ने गरी गाउँपालिकाको नाममा खरिद गरी सिञ्चाई उपभोक्ता समितिलाई भोगाधिकार दिने निर्णय गरियो ।

निर्णय नं. ५

धादिङ वहुप्राविधिक शिक्षालयमा पशु चिकित्सामा डिप्लोमा तह प्रथम वर्षमा अध्ययनरत श्री सुरज अर्याललाई छात्रवृति रकम स्वरुप रु ३०,०००।- प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

आ.व २०७९/८० को महालेखा परीक्षकको लेखापरीक्षण प्रतिवेदनबाट यस बेनीघाट रोराङ गाउँपालिका शुन्य बेरुजु भएको सुशासनयुक्त नमुना पालिका बनेको र यसै वर्ष स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA मा देशैभरको पालिकामध्ये प्रथम स्थान हाँसिल गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समेत सम्मानित भएको गर्विलो कार्य सम्पादन एवम् नेतृत्वको कदर राष्ट्रिय रुपमा समेत हुनु वाञ्छनीय भएकोले यस बेनीघाट रोराङ गाउँपालिकाका अध्यक्ष श्री कृष्ण वहादुर थपलिया विवेकलाई विभुषण सिफारिस कार्यविधि एवं सम्मान सम्बन्धी (पहिलो संशोधन) मापदण्ड २०८१ बमोजिम सुकीर्तिमय राष्ट्रदीप (तृतीय श्रेणी) को लागि नेपाल सरकार गृह मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय गरियो।

बेनीघाट रोराङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय विशालटार, धादिङ बागमती प्रदेश, नेपाल

नर्वदा घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ७

मिति २०८१ साल जेष्ठ १६ गते गएको प्राकृतिक विपत्तिको कारणबाट यस गाउँपालिकाको वडा नं. ३, ४ र ५ का विभिन्न बस्तिहरुका घर टहराहरुमा क्षति पुगेको र क्षतिग्रस्त घर टहराहरुको तत्काल मर्मतको लागि आवश्यक जस्तापाता खरिद गरी वितरण गर्ने भनी मिति २०८१।०३।०७ गते कार्यपालिकाको बैठकबाट निर्णय भएकोमा उक्त निर्णय बमोजिम क्षतिग्रस्त घर टहराहरुको आवश्यक मर्मत कार्य सम्पन्न भएकोले उक्त कार्यको भुक्तानी सम्बन्धमा गत आ.व. मा आर्थिक वर्षको अन्त्यमा विपत्ती उत्पन्न भई आकस्मिक कार्य गर्नु परेकोले सोही आ.व. मा भुक्तानी दिन सम्भव नभएको हुंदा चालु आ.व. मा भुक्तानी दिन आवश्यक देखिएकोले उक्त कार्यको भुक्तानीको लागि चालु आ.व. को वार्षिक बजेट तथा कार्यक्रममा समावेश ब.उ.शि.नं. ८०३३०५०९१०८, ख.शि.नं. ३११५९, विपद व्यवस्थापन शिर्षकबाटं भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ८

राष्ट्रिय विपद जोखिम न्यूनीकरण प्राधिकरणबाट विपद व्यवस्थापनका लागि प्राप्त शसर्त अनुदान रकम रु ५० लाख वर्षाको कारण क्षति पुगेका विभिन्न सडकहरुको मर्मत सम्भारका लागि देहाय बमोजिम रकम स्वीकृत गर्ने मिति २०८१/०८/१२ गते वसेको विपद व्यवस्थापन समितिको निर्णय भएकोले उक्त निर्णय अनुमोजन गरी वडाहरुलाई स्वीकृत गरिएको रकमबाट वडामा रहेका विपदका कारण क्षति पुगेका सडकहरु सञ्चालन (मर्मत सम्भार) गर्ने निर्णय गरियो ।

देहाय

| | | |
|---|---|---|
| १. | वडा नं.- १ | रु ३,००,०००।– |
| २. | वडा नं.- २ | रु ६,५०,०००।– |
| ३. | वडा नं. ३ | रु ३,००,०००।– |
| ४. | वडा नं. ४ | रु ६,००,०००।– |
| ५. | वडा नं. ५ | रु ६,००,०००।– |
| ६. | वडा नं. ६ | रु ६,००,०००।– |
| ७. | वडा नं. ७ | रु २,५०,०००।– |
| ८. | वडा नं. ८ | रु ७,००,०००।– |
| ९. | वडा नं. ९ | रु ५,००,०००।– |
| १०. | वडा नं. १० | रु ५,००,०००।– |